# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१७ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

मसिलाल जनता उच्च माध्यमिक बिद्यालय, कुशहा, वडा नं. ७, सप्तरीका प्रा. वि. शिक्षक मो. रहमतुल्लाले राहत कोटाको प्रा.वि. शिक्षक पदमा नियुक्ति पाउने एवं बहाल हुने र सो हैसियतले लाभ सुविधा लिने उद्धेश्यले Bihar Intermediate Education Council, Patna अन्तर्गत L.N. Janta College, Madhubani बाट सन् १९८८ मा जारी भएको I. Sc. तहको नक्कली एवं झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र तथा जिल्ला शिक्षा कार्यालय, सोलुखुम्बुबाट मिति २०६२/०९/१६ मा जारी भएको नक्कली एवं झुठ्ठा स्थायी अध्यापन अनुमती पत्र पेश गरी राष्ट्रसेवक प्रा वि. शिक्षक पदमा २०६६/०८/०१ देखी नियुक्ति भई २०७१/०५/०३ सम्म कार्यरत रही लाभ तथा सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज मो. रहमतुल्लालाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी